# झिमरुक गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः-३ संख्याः-१ मितिः-२०७७/०३/२६

## भाग-२

# झिमरुक गाउँपालिका

## स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धी कानूनमा संशोधन र एकिकरण गर्न बनेको कार्यविधि, २०७७

**प्रस्तावनाः** नेपालको संविधान बमोजिम स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

झिमरुक गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी कार्यविधि, २०७७" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "अध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (१) बमोजिमको गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) बमोजिमको गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "कार्यपालिका सदस्य" भन्नाले संविधानको धारा २१५ को उपधारा (४) तथा धारा २१६ को उपधारा (४) बमोजिमको कार्यपालिकाको सदस्य सम्झनु पर्छ।

(घ) "पदाधिकारी" भन्नाले अध्यक्ष र उपाध्यक्षलाई सम्झनु पर्छ

(ङ) "वडा अध्यक्ष" भन्नाले संविधानको धारा २१५ को उपधारा (२) तथा धारा २१६ को उपधारा (२) बमोजिमको वडा अध्यक्ष सम्झनु पर्छ।

(च) "सदस्य" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा (२) तथा धारा २२३ को उपधारा (२) बमोजिमको सदस्य सम्झनु पर्छ र सो शब्दले नेपालको संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समितिको सदस्यलाई समेत जनाउँछ ।

(छ) "समिति" भन्नाले संविधानको धारा २२० को उपधारा (३) बमोजिमको जिल्ला समन्वय समिति सम्झनु पर्छ ।

(ज) "सभा" भन्नाले झिममरु गाउँपालिकाको गाउँ सभा सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले झिमरुक गाउँपालिका, सम्झनु पर्छ।

३. **<u>सुविधाः</u>** (१) पदाधिकारी र सदस्यले आफू निर्वाचित भई काम कारवाही शुरु गरेको मितिदेखि अनुसूची १ बमोजिमको रकममा नबढ्ने गरी झिमरुक गाउँपालिकाको आन्तरिक स्रोत समेतको आधारमा यस कार्यविधिमा उल्लेख भएको सुविधा पाउने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि प्रारम्भ हुनु अघि कायम रहेको "स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी कार्यविधि, २०७५" र अनुसूची १ बमोजिम मासिक सुविधा नपाएका पदाधिकारी वा सदस्यले सो सुविधा नपाएको मितिदेखि मात्र यस कार्यविधि बमोजिमको सुविधा पाउने छ ।

४. **<u>यातायात सुविधाः</u>** (१) पदाधिकारीलाई सम्बन्धित स्थानीय तहले सवारी साधन उपलब्ध गराउने छ।

(२) उपदफा (१) बमोजिमको सवारी साधन उपलब्ध नभएको अवस्थामा त्यस्तो पदाधिकारीले अनुसूची १ बमोजिम यातायात खर्च पाउने छ ।

(३) उपदफा (१) र (२) बमोजिम सवारी साधन उपलब्ध गराएकोमा पदाधिकारीले यस दफा बमोजिमको यातायात सुविधा पाउने छैनन् तर त्यस्तो सवारी साधनलाई अनुसूची १ बमोजिमको इन्धन र मोबिल उपलब्ध गराईने छ ।

(४) सदस्यले अनुसूची १ बमोजिमको रकम यातायात सुविधा बापत पाउने छ ।

तर, कुनै सदस्यले यातायात सुविधा बापत कुनै सवारी साधन पाएको भए यातायात सुविधा बापतको रकम पाउने छैनन्।

५. **<u>सञ्चार सुविधाः</u>** (१) पदाधिकारी तथा सदस्यले सञ्चार सुविधा बापत अनुसूची १ बमोजिमको रकम टेलिफोन शुल्क र मोबाइल फोन रिचार्ज खर्च बापत पाउने छ ।

(२) पदाधिकारी तथा सदस्यले सञ्चार सुविधा बापत अनुसूची १ बमोजिमको रकम पत्रपत्रिका र इन्टरनेट सेवा शुल्कका लागि पाउने छ ।

६. **<u>अतिथि सत्कार सुविधाः</u>** पदाधिकारी तथा सदस्यले अनुसूची १ बमोजिमको रकम अतिथि सत्कार सुविधा बापत पाउने छ ।

७. **<u>अन्य सुविधाः</u>** (१) पदाधिकारी तथा सदस्यले अनुसूची १ बमोजिमको रकम जनसम्पर्क/विशेष कार्यसुविधा बापत पाउने छ ।

(२) पदाधिकारीले अनुसूची १ बमोजिमको रकम खानेपानी तथा सरसफाइ सुविधाका लागि पाउने छ ।

(३) पदाधिकारीले मर्मत संभार र विद्युत/उर्जा खर्च बापत अनुसूची १ बमोजिमको रकम पाउने छ ।

(४) पदाधिकारी तथा सदस्यले अनुसूची १ बमोजिम चाडपर्व खर्च सुविधा बापतको रकम पाउने छ ।

८. **<u>बैठक भत्ताः</u>** (१) सभाका सदस्यले सभा वा कार्यपालिका वा वडा समिति वा न्यायीक समिति लगायत स्थानीय तहको अन्य कुनै समिति वा उपसमितिको बैठकमा भाग लिएको प्रत्येक दिनको लागि अनुसूची १ बमोजिमको रकम बैठक भत्ता बापत पाउने छ ।

तर एकै दिनमा एकभन्दा बढी बैठक बसेकोमा एउटा बैठक बापत मात्र बैठक भत्ता पाउने छ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनको लागि न्यायिक समिति भन्नाले संविधानको धारा २१७ बमोजिमको न्यायिक समिति सम्झनु पर्छ।

९. **<u>दैनिक तथा भ्रमण भत्ताः</u>** (१) पदाधिकारी तथा सदस्यले कार्यालयको कामको सिलसिलामा आफ्नो कार्यक्षेत्र र सम्बन्धित जिल्ला बाहेक नेपाल भित्र वा नेपाल बाहिर भ्रमण गर्दा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा अनुसूची १ बमोजिमको दरमा नबढ्ने गरी दैनिक तथा भ्रमण भत्ता पाउने छ ।

(२) पदाधिकारी, सदस्य तथा सभाका सदस्यले उपदफा (१) बमोजिम भ्रमण गर्दा लाग्ने यातायात खर्च बापत टिकट वा सो बराबरको बिल बमोजिमको रकम पाउने छ ।

(३) पदाधिकारी तथा सदस्यले उपदफा (१) बमोजिम भ्रमण गर्दा भ्रमण अवधिको लागि अनुसूची १ बमोजिमको रकम बराबर दुर्घटना बिमा गर्दा लाग्ने बिमाशुल्क (प्रिमियम) बापत बिल बमोजिमको रकम पाउने छ ।

(४) पदाधिकारी तथा सदस्यहरुको भ्रमण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१०. <u>अशक्त पदाधिकारी वा सदस्यलाई विशेष सुविधाः</u>** (१) कुनै पदाधिकारी तथा सदस्यलाई अपाङ्गताका कारण बैठकमा उपस्थित हुन सहयोगीको सेवा आवश्यक पर्ने भएमा गाउँ कार्यपालिकाले त्यस्तो पदाधिकारी वा सदस्यको साथमा रहने निजले रोजेको एक जना सहयोगीको सेवा उपलब्ध गराउने छ ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइएको सहयोगीलाई यस कार्यविधि बमोजिम सदस्यले पाउने सरहको बैठक भत्ता दिईनेछ ।

**११. <u>भत्ता तथा सुविधा बापतको रकम भुक्तानीः</u>** (१) पदाधिकारी तथा सदस्यले यस कार्यविधि बमोजिम पाउने भत्ता तथा सुविधा बापतको रकम सम्बन्धित स्थानीय तहको कार्यालयले सम्बन्धित पदाधिकारी वा सदस्यको बैंक खाता मार्फत भुक्तानी गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पदाधिकारी वा सदस्यले उक्त स्थानीय तहमा बैंक नभएको अवस्था भएमा निजले पाउने भत्ता वा सुविधा बापतको रकम सम्बन्धित स्थानीय तहको कार्यालयबाट उपलब्ध गराउन सकिने छ ।

**१२. <u>भत्ता नपाउनेः</u>** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पदाधिकारी वा सदस्य आफ्नो पदबाट निलम्बित भएमा त्यस्तो निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेश बमोजिम थुनामा वा कैदमा रहेमा त्यसरी थुना वा कैदमा रहेको अवधिभरको लागि निजले यस कार्यविधि बमोजिम पाउने कुनै किसिमको सुविधा वा भत्ता पाउने छैन ।

तर त्यस्तो अभियोग प्रमाणित नभई अदालतबाट सफाई पाएमा निजले यस कार्यविधि बमोजिमको सुविधा पाउने छ ।

**१३. <u>सुविधा घटाउन सक्नेः</u>** यस कार्यविधिले पदाधिकारी तथा सदस्यका लागि निर्धारण गरेको सुविधा सम्बन्धमा आफ्नो श्रोत तथा क्षमताका आधारमा सम्बन्धित स्थानीय तहले निर्णय गरी सुविधा घटाउन सक्ने छ।

**१४. <u>पारिश्रमिक र अन्य सुविधा नपाउनेः</u>** (१) स्थानीय तहका पदाधिकारी तथा सदस्यले पारिश्रमिक बापत कुनै रकम पाउने छैन।

(२) स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस कार्यविधिले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा पाउने छैन ।

**१५. <u>सार्वजनिक गर्नु पर्नेः</u>** पदाधिकारी तथा सदस्यले यस कार्यविधि बमोजिम प्राप्त गरेका सुविधाहरुको विवरण तीन-तीन महिनामा सम्बन्धित स्थानीय तहले सार्वजनिक गर्नु पर्नेछ ।

**१६. <u>खारेजी र बचाऊः</u>** (१) स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम खारेज गरिएको कार्यविधि खारेज हुनु अघि सो कार्यविधि बमोजिम भएको काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

## अनुसूची १

(दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित)

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा

(क) गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा

| क्र. | सुविधाको किसिम | ईकाई दर | अध्यक्ष | उपाध्यक्ष | वडा अध्यक्ष | कार्यपालिका सदस्य | सभाका सदस्य |
|---|---|---|---|---|---|---|---|
| १. | यातायात सुविधा | प्रति महिना रु. | | | | १,००० | |
| २. | पत्रपत्रिका, इन्टरनेट | प्रति महिना रु. | ४,००० | ४,००० | ३,००० | ३,००० | २,००० |
| ३. | टेलिफोन, मोबाइल रिचार्ज | प्रति महिना रु. | ३,५०० | ३,००० | ३,००० | ३,००० | २००० |
| ४. | अतिथि सत्कार | प्रति महिना रु. | ६,००० | ५,००० | ४,००० | - | - |
| ५. | जनसम्पर्क/ विशेष कार्यसुविधा | प्रति महिना रु. | ९,५०० | ८००० | ६,००० | ५,००० | ३,००० |
| ६. | खानेपानी तथा सरसफाई | प्रति महिना रु. | २,००० | २००० | २,००० | - | - |
| ७. | मर्मत संभार र विद्युत/उर्जा खर्च | प्रति महिना रु. | ५,००० | ५,००० | २,००० | - | - |
| ८. | चाडपर्व खर्च | वार्षिक रु. | १५,००० | १५,००० | १२,००० | १०,००० | ७,००० |
| ९. | बैठक भत्ता | प्रति बैठक रु. | १,००० | १,००० | १,००० | १,००० | १,००० |
| १०. | दैनिक भ्रमण भत्ता | प्रति दिन रु. | १,८०० | १,६०० | १,५०० | १,५०० | १,५०० |
| ११. | विदेश भ्रमण गर्दाको दैनिक भत्ता | प्रति दिन अमेरिकी डलरमा | १०० | १०० | १०० | १०० | १०० |
| १२. | यात्रा बिमा | प्रति भ्रमण रु.(लाखमा) | १० | १० | १० | १० | १० |

२. पदाधिकारी सदस्य तथा सभाका सदस्यहरुले विदेश भ्रमण गर्दा भारतको चेन्नाई, हैदराबाद, बैंगलोर, मुम्बई, दिल्ली, कोलकाता र बङ्गलादेशको ढाका र चटगाउँ बाहेक अन्य स्थानमा रात बिताउनु पर्दा माथि उल्लिखित विदेश भ्रमण गर्दाको दैनिक भत्ता दरको पचास प्रतिशत रकम मात्र दिइने छ ।

आज्ञाले
कमल प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत